तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८३ साल बैशाख महिनाको १० गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौंडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौंडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौंडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

## तिलोत्तमा नगरपालिका

**कार्यपालिका बैठक सङ्ख्याः ११/२०८२/८३ (१९१) मितिः २०८३/१/१० गते ।**

**<u>बैठकका कार्यसूचीहरूः</u>**

१. संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०८३ स्वीकृति सम्बन्धमा

२. नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा

३. शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान समिति गठन सम्बन्धमा

४. विविध

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. १

तिलोत्तमा नगरपालिकाको विधेयक समितिबाट छलफल गरी निर्णयका लागि नगर कार्यपालिका बैठकमा पेस भएको देहाय बमोजिमको नियमावली स्वीकृत गर्ने ।

१. संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०८३

निर्णय नं. २

तिलोत्तमा नगरपालिकाको प्राथमिकता प्राप्त आयोजनाको रूपमा रहेको ठेक्का नं. URLIP/TT/CW01 ड्राईभरटोल-शिवपुर र पत्थरडाँडा-तिनाउ खण्डमा नाला र फुटपाथ सहितको सडक निर्माण आयोजनाका लागि निर्माण व्यवसायी श्री LONGJIAN-SAGUN JOINT VENTURE, बुटवल-१३ बाट उक्त आयोजनाका लागि ३९,००० घनमिटर अर्थात १३,८०,६०० घनफुट नदीजन्य पदार्थ उपलब्ध गराउन माग भई आएकोमा तिलोत्तमा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन ऐन, २०८२ को दफा ७ बमोजिम तिनाउ नदीमा बिगत पाँच आर्थिक वर्षमा प्रति घनफुट सबैभन्दा बढी कबोल दर चालिस रुपैयाँ बाह्र पैसामा रू. एक थप गरी हुन आउने एकचालिस रुपैयाँ बाह्र पैसाका दरले हुन आउने रू. ५,१९,५५,१२०/- (अक्षरेपी पाँच करोड उन्नाईस लाख पचपन्न हजार एक सय बिस रुपैयाँ मात्र) राजस्व दाखिला गर्न लगाई निजलाई सोही आयोजनामा मात्र प्रयोग गर्न पाउने गरी तिनाउ नदीको गोरकट्टा (बुटवल उपमहानगरपालिका वडा नं. १८ र तिलोत्तमा नगरपालिका वडा नं. ६ संयुक्त क्षेत्र) घाटक्षेत्रबाट १२,६३,५०० (बाह्र लाख त्रिसठ्ठी हजार पाँच सय) घनफुट परिमाण नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र घाटगद्दी गरी कार्यालयबाट ढुवानी अनुमति लिएर मात्र आयोजनास्थल/प्रशोधन केन्द्रमा लैजान अनुमति दिने ।

निर्णय नं. ३

तिलोत्तमा नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा विभिन्न समयमा कामकाजका लागि खटाइएका र विद्यालय समायोजन तथा तह मिलान पश्चात पुल दरबन्दीमा रहेका सम्पूर्ण शिक्षकहरूको व्यवस्थापन र दरबन्दी मिलान सम्बन्धमा अध्ययन गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेस गर्ने कार्यदिश सहित तपसिल अनुसारको शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान समिति गठन गर्ने ।

<u>तपसील</u>

१. संयोजक- शिक्षा शाखा प्रमुख श्री गंगाराम आचार्य
२. सदस्य- कार्यपालिका सदस्य श्री गणेश पाठक
३. सदस्य- कार्यपालिका सदस्य श्री सुरेन्द्र श्री
४. सदस्य- शिक्षक महासंघ तिलोत्तमा नगर अध्यक्ष श्री मृगेन्द्र प्रसाद रिजाल
५. सदस्य सचिव- शिक्षा अधिकृत श्री धनी प्रसाद शर्मा

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ४**

शैक्षिक सत्र २०८३ देखि कक्षा र विषय थप गरी कक्षा सञ्चालन गर्न नियमानुसार अनुमति माग गरेका तपसिल बमोजिमका विद्यालयहरूलाई तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ को नियम ५ र १९ मा भएको व्यवस्था अनुसार कक्षा थप, विषय थप र विद्यालय खोली कक्षा सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

**तपसिलः**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालयको किसिम | अनुमति दिइएको थप कक्षा | अनुमति दिइएको थप विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री नेपथ्य स्कुल रुपन्देही (साबिकको चाइल्ड केयर न्यू लाइफ एकेडेमी) | तिलोत्तमा-१० | संस्थागत | कक्षा १२ | विज्ञान, व्यवस्थापन र शिक्षा तर्फका विषयहरू | नियम १९ कक्षा थप |
| २. | श्री नेपथ्य स्कुल रुपन्देही (साबिकको चाइल्ड केयर न्यू लाइफ एकेडेमी) | तिलोत्तमा-१० | संस्थागत | कक्षा ११ | कला र कानुन तर्फका विषयहरू | नियम १९ विषय थप |
| ३. | श्री लुम्बिनी वर्ल्ड स्कुल | तिलोत्तमा-१३ | संस्थागत | कक्षा ११ | - | नियम १९ कक्षा थप |
| ४. | श्री अर्ली बोर्डिङ्ग स्कुल | तिलोत्तमा-३ | संस्थागत | कक्षा ७ | - | नियम १९ कक्षा थप |
| ५. | नसीर तैमुना इस्लामिक दारुल वलुम | तिलोत्तमा-११ | सामुदायिक (धार्मिक) | कक्षा-१ | - | नियम ५ विद्यालय खोल्ने अनुमति |

**निर्णय नं. ५**

तिलोत्तमा नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भई यसको दीगोपनाका लागि नगरपालिकाले विविध कार्यक्रम सञ्चालन गर्दै आइरहेको तर नगरपालिका क्षेत्रभित्र सञ्चालित होटल, रेस्टुरेन्ट, चिया पसल, क्याफे तथा अन्य बिक्री एकाइहरूबाट १८ वर्ष मुनिका विद्यार्थी तथा बालबालिकाहरूलाई हुक्का र भेपको बिक्री वितरण तथा खुलमखुला प्रयोग हुने गरेको पाइएकोले उल्लिखित होटल, रेस्टुरेन्ट, चिया पसल, क्याफे तथा अन्य बिक्री एकाइहरूबाट १८ वर्ष मुनिका विद्यार्थी तथा बालबालिकाहरूलाई हुक्का र भेपको बिक्री वितरण तथा प्रयोगमा रोक लगाउने ।

खुमनाथ भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ६

आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) को च.नं. ६१९, मिति २०८२।१२।२७ को पत्रबाट प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संसोधन) कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम लुम्बिनी प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने समपूरक अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३।८४ का लागि देहाय बमोजिमका आयोजना छनोट गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) मा प्रस्ताव पेस गर्ने र समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाको लागि नगरपालिकाको तर्फबाट ६० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित स्रोत सुनिश्चितता समेत गर्ने ।

<u>देहायः</u>

| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १. | निकासी मार्ग स्तरोन्नति, तिलोत्तमा ६ | सडक पूर्वाधार | वडा नं. ६ |
| २. | मुडियारी-जहदा-रामनगरा-केउलानी सडक स्तरोन्नति तिलोत्तमा ७ | सडक पूर्वाधार | वडा नं. ७ |
| ३. | तिलोत्तमा १४ सिटी कलेजदेखि पश्चिम पाल्पाली डाँडाँ हुँदै तिलोत्तमा १३ करौजिया जोड्ने सडक | सडक पूर्वाधार | वडा नं. १३ र १४ |

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं. ७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २८१, मिति २०८२/१२/२६ को पत्रबाट China/MOFCOM Scholarship को लागि निवेदन आह्वान भएकोमा Masters of Public Health (2 years Master's Degree) विषय अध्ययनका लागि यस नगरपालिकामा कार्यरत देहायका विवरण भएका कर्मचारीलाई मनोनयन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय, सिंहदरबारलाई लेखी पठाउने ।

देहायः

| नाम, थर (अंग्रेजीमा समेत) | पद | हाल कार्यरत निकाय | सेवा/समूह/उप समूह | संकेत नं. | अध्ययन गर्न चाहेको विषय | इमेल ठेगाना/ मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| राजेश ज्ञवाली<br>RAJESH GNAWALI | जनस्वास्थ्य निरीक्षक (छैटौं) | तिलोत्तमा नगरपालिका | नेपाल स्वास्थ्य/हे.ई. | २१००६५ | Masters of Public Health | rajesh.gulmi@gmail.com<br>9857067363 |

निर्णय नं. ८

तिलोत्तमा नगरपालिकाको ६ नं. वडा कार्यालयको प.स.२०८२/०८३, च.न.५०७२, मिति२०८३/०१/०८ गतेको सिफारिस पत्रानुसार हाल गोरकट्टामा वसिरहेको अस्थायी प्रहरी चौकी ठाउँ सारी गरी श्री १६ मौंजा सिंचाई प्रणाली (हाल ३३ मौंजा) को च.न.१५, मिति २०८३/०१/०७ गतेको पत्रबाट उक्त चौंकीको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा भएको सहमति बमोजिम गणेशपुर हाटबजारको उत्तरतर्फ अन्दाजी ०-३-० क्षेत्रफल वरावरको सार्वजनिक जग्गामा अस्थायी प्रहरी चौंकीको निर्माण कार्य अगाडि बढाउने कार्यमा सहजीकरण गर्न जिल्ला प्रशासन कार्यालय, रुपन्देहीलाई अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख